त्रिभुवन विश्वविद्यालय

# कृषि र पशु विज्ञान अध्ययन संस्थान

## डीनको सम्पर्क कार्यालय

सानेपा, ललितपुर, नेपाल

मिति: २०७४।११।२०

**कृषि/बागबानी स्नातक (B.Sc.Ag./Hort.) र पशु चिकित्सा स्नातक (B.V.Sc. & A.H.) तहहरुमा विद्यार्थी भर्ना सम्बन्धि सूचना**

शैक्षिक वर्ष २०७४।०७५ का लागि यस अध्ययन संस्थान अन्तर्गत लमजुङ्ग, पक्लिहवा, रामपुर र गौरादह तथा त्रि.वि.बाट सम्बन्धन प्राप्त गोकुलेश्वर कृषि तथा पशु विज्ञान कलेज, गोकुलेश्वर, बैतडी, क्याम्पस अफ लाइभ साइन्सेस, फूलबारी-१, तुलसीपुर, दाङ्ग र पृथु टेक्निकल कलेज, लमही, देउखुरी, दाङ्गमा संचालन हुने कृषि स्नातक (B.Sc.Ag.) तथा महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाममा सञ्चालन हुने बागबानी स्नातक (B.Sc.Hort.) र पक्लिहवा क्याम्पसमा सञ्चालन हुने पशु चिकित्सा स्नातक (B.V.Sc. & A.H.) तहहरुको शैक्षिक कार्यक्रमहरुमा अध्ययन गर्न चाहने, आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका विद्यार्थीहरुको लागि online बाट आवेदन दिन तथा भर्ना सम्बन्धि कार्यक्रम देहाय बमोजिम भएको व्यहोरा जानकारी गराइन्छ । आवेदकले online मार्फत आवेदन दिँदा त्यहाँ मागे अनुसारका सत्य तथ्याङ्कहरु भरी तथा प्रमाणपत्रहरु upload गरी पठाउनुपर्नेछ । नेपाल बाहिरबाट प्रमाणपत्र तह उत्तीर्ण गर्ने आवेदकहरुले भर्नाको समयमा समकक्षता (Equivalence) निर्धारणको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

१. आबेदन online बाट मात्र दिन पाइनेछ वा लिइनेछ । आबेदनमा समाबेस गरीएका तथ्याङ्कहरु, प्रमाणपत्रहरु तथा फोटो सत्य हुनुपर्नेछ । त्यहाँ दिइएका कुनैपनि जानकारी झूटो वा अपुग पाइएमा त्यस्ता आबेदन अयोग्य हुनेछन् । तसर्थ documents पुरा भएपछिमात्र आबेदन दिन जाकारी गराइन्छ ।

२. कुनै पनि browser, जस्तै Google chrome, Mozilla etc खोली **entrance.iaas.edu.np** टायप गरी enter गरेमा Start Registration पेज खुल्नेछ । सो **start registration** button click गरेमा **Bank Information** पेज र त्यस्पछि **next** click गरेमा **Registration and Photo Instructions** क्रमश देखापर्नेछन् । फेरी **next** click गरेमा **application form** देखापर्नेछ । बिद्यार्थीले instructions राम्रोसँग पढी त्यहाँ उल्लेखित नियम पालना गर्नुपर्नेछ । आबेदन फाराममा Asterisk (*) दिइएका बुँदाहरु अनिबार्य रुपमा भर्नुपर्नेछ । अन्यथा save तथा upload हुनेछैन ।

३. आबेदन फाराम पूर्णरुपमा भरेपछि तथा आबश्यक प्रमाणपत्रहरु upload गरेपछि पुछारमा रहेको **save** button click गरि सबै जानकारी बचाउनुपर्नेछ । फोटो तथा प्रमाणपत्रहरु upload गर्दा संबन्धित box थिचि, file खोली click गरी **open** click गरेमा संबन्धित box को दाँयाँ भागमा सो प्रमाणपत्र देखापर्नेछ । Save भएमा saved successfully देखाइ फारामको सिरानमा फर्कन्छ । आबेदन फारामको सिरानको बाँयाँ भागमा रहेको **edit** button थिचि आफूले भरेका तथ्याङ्कहरु तथा upload गरिएका प्रमाणपत्रहरु ठिक तथा पुरा भए/नभएको रुजु गरी सबै आबश्यक तथ्याङ्कहरु तथा प्रमाणपत्रहरु पुरा भएपछि पुन **save** गरेरमात्र **submit** button थिच्नुपर्नेछ । submit button थिचेपछि पुन रुजुगर्न मिल्नेछैन । Submit सफल भएमा माथि दाँयाँ कुनामा

**<u>Download Confirmation Page देखापर्नेछ</u>** । सो click गरेमा पिँधको बाँयाँ कुनामा file देखिन्छ सो click गरी एक प्रति **<u>print</u>** गरी लिनु पर्दछ, जस्को तथ्याङ्क प्रवेशपत्र लिन आबश्यक पर्दछ ।

४. आवश्यक न्युनतम शैक्षिक योग्यताः एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण भई आई.एस्सी. (विज्ञान), वा विज्ञान/कृषि विज्ञान तर्फको १०+२, वा आई.एस्सी.(कृषि) तहमा कम्तीमा १०० पूर्णाङ्कको अंग्रेजी, केमेष्ट्री र वायोलोजी तथा कम्तीमा ५० पूर्णाङ्कको गणित र फिजिक्स विषय अध्ययन गरी कुल प्राप्ताङ्कको ५०% (पचास प्रतिशत) अङ्क प्राप्त गरी उत्तिर्ण भएको हुनुपर्नेछ । १०+२ कृषि अध्ययन गरेका विद्यार्थीको Transcript मा यदि गणित विषयको मार्क उल्लेख नभएको भए गणित विषय पढेको थप मार्कसिट upload गर्नु पर्नेछ ।

५. आवेदन फाराम शुल्कः कृषि/बागबानी स्नातक तहको लागिमात्र रु. २५००।- (रु.दुइ हजार पाँच सय), पशु चिकित्सा तहको लागिमात्र रु.: १५००।- (रु. एक हजार पाँचसय) लाग्नेछ । तर दुबै तहहरुमा दिन चाहेमा रु. ४०००।- (रु. चार हजार) लाग्नेछ र bank भौचर पनि अलग अलग भर्नुपर्नेछ । सबै bank voucher मा deposited by भन्ने स्थानमा Applicant’s name र mobile no. अनिबार्यरुपमा लेख्नुपर्नेछ ।

६. प्रवेश परीक्षा शुल्कः कृषि/बागबानी स्नातक तथा पशु चिकित्सा स्नातक तह मध्ये कुनै एकमा मात्र आबेदन दिएमा जम्मा रु. २०००।- (रु. दुई हजार) मात्र लाग्नेछ, तर दुबै तहहरुमा आबेदन दिएमा जम्मा रु.४०००।- (रु. चार हजार) लाग्नेछ, र बैंक भौचर अलग अलग भर्नुपर्नेछ । दुबै शैक्षिक कार्यक्रम/तहहरुका लागि आवेदन online बाट छुट्टाछुट्टै दिनुपर्नेछ ।

७. तदानुसार आबेदन फाराम तथा प्रबेश परीक्षा शुल्कगरी कृषि/बागबानी तहको लागिमात्र जम्मा रु.४५००।- (रु. चार हजार पाँच सय), पशु चिकित्सा तहको लागिमात्र जम्मा रु. ३५००।- (रु. तिन हजार पाँचसय) र दुबै तहहरुको लागि जम्मा रु. ८०००।- (रु.आठ हजार) लाग्नेछ ।

८. आवेदन फाराम तथा प्रवेश परीक्षा शुल्कहरु त्रि. बि., कीर्तिपुर परिसरमा अबस्थित नेपाल बैंक लिमिटेडमा रहेको यस अध्ययन सँस्थानको खाता **<u>“कृ.प.बि.अ.सं, डीनको संपर्क कार्यालय, खाता नं.</u>** <u>०४५११६००१०४०१९००००१”</u> मा, वा नेपाल बैंक लिमिटेडको अन्य शाखा/उपशाखाबाट उक्त खातामा रकम जम्मा गरी सोको सक्कलै भौंचर आवेदन फाराममा upload गर्नुपर्नेछ । रकम जम्मा गर्नुअघि आफ्ना कागजात पुरा र रितपूर्बक भए नभएको रुजु गर्न सुझाब दिइन्छ । रकम जम्मा गरिसकेपछि आबेदन ठिक/बेठिक जेभएपनि उक्त रकम फिर्ता हुनेछैन ।

९. वि. एस्सी. कृषि तहका लागि आबेदन फाराम भर्दा क्याम्पसको प्राथमिकता तोक्नुपर्नेछ । **<u>Add Campus</u>** त्यस्पछि **<u>Select Campus</u>** click गरेमा क्याम्पसको list देखापर्नेछ । पहिलो प्राथमिकतामा रहेको क्याम्पसको नाम click गरेमा त्यो क्याम्पस सोतह प्राथमिकता १ मा रहनेछ । त्यस्पछि **<u>Add Campus</u>** click गरी क्रमस अरु क्याम्पसहरुको प्राथमिकता २, ३ र ४ तोक्न सकिनेछ । क्याम्पसको प्राथमिकता नतोकिएमा क्याम्पस जतापनि पर्न सक्नेछ ।

१०. आवेदन दिने अबधि र समयः Online बाट आबेदन मिति **<u>२०७४ फागुन २१ गते देखि २०७४ चैत्र १० गते राती बाह्रबजेसम्म</u>** हरेक दिन (बिदाका दिनमा समेत) चौबिसै घण्टा दिन सकिनेछ ।

११. प्रबेशपत्र बितरणः B.Sc.Ag./Hort. and B.V.Sc. and A.H. दुबै परीक्षाको लागि अलग अलग प्रबेशपत्र बितरण मिति **२०७४ चैत्र १४ गतेबाट गरिनेछ** । Internet भएको कुनैपनि computer मा कुनै

browser खोली entrance.iaas.edu.np type गरी, Applicant's Status थिचि, आफ्नो identity entry गरी, search status click गरेपछि admit card देखाउनेछ । **उक्त** admission card अनिबार्यरुपमा color print गरी लिनुपर्नेछ । परीक्षा कोठामा प्रवेशगर्न प्रबेशपत्र अनिबार्यरुपमा देखाउनुपर्नेछ ।

१२. प्रवेश परीक्षा हुने मिति तथा नतिजा प्रकाशन:

वि.एस्सी. कृषि/बागबानी को लागि एउटै परीक्षा मिति २०७४ चैत्र १७ गते विहान ११:०० बजे देखि १२:३० बजे सम्म र वि.भि.एस्सी.एण्ड ए.एच को लागि सोही दिन अपरान्ह १५:०० बजे देखि १६:३० बजे सम्म हुनेछ । नतिजा यथाशक्य चाँडै प्रकाशित गरिनेछ । सबै नतिजा तथा सूचना IAAS को website मा पनि राखिनेछ ।

१३. प्रवेश परीक्षा हुने स्थान: त्रि.बि. केन्द्रीय क्याम्पस, कीर्तिपुर, काठमाण्डौ । स्थान परिबर्तनहुने भएमा पछि जानकारी गराइनेछ ।

१४. भर्ना सम्बन्धि तालिका:

कुनै पनि कोटामा बिद्यार्थी भर्ना भैसकेपछि उक्त कोटा पुरा भर्ना अबधिभर कुनै पनि अबस्थामा रिक्त मानिने छैन ।

<u>वि.भि.एस्सी.एण्ड ए.एच.</u>

(क) भर्नाको लागि २०७४ **चैत्र २२ गते** मेरिट, छात्रा, आदिबासी-जनजाती, मधेसी, थारु, दलित, अपाङ्ग, मुस्लिम, दुर्गम जिल्ला (अछाम, कालीकोट, जाजर्कोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु तथा हुम्ला) तथा अन्य (लोपोन्मुख, अल्पसंख्यक, सिमान्तकृत तथा आर्थिकरुपले बिपन्न खस आर्य) (स्टाफ र IDF कोटा बाहेक) कोटाहरुको प्रथम नामावली प्रकाशित गरिनेछ । प्रथम नामावलीमा परेका विद्यार्थीहरु **२०७४ चैत्र २५ गते** कार्यालय समयभित्र भर्ना भैसक्नुपर्नेछ ।

(ख) स्थान खाली रहन आएमा **२०७४ चैत्र २६ गते** दोश्रो नामावली प्रकाशित गरिनेछ, र दोश्रो नामावलीमा परेका विद्यार्थीहरुले **२०७४ चैत्र २८ गते** कार्यालय समयभित्र भर्ना भैंसक्नुपर्नेछ ।

(ग) स्थान खाली रहन आएमा **२०७४ चैत्र २९ गते** तेश्रो (अन्तिम) नामावली प्रकाशित गरिनेछ । तेश्रो नामावलीमा परेका विद्यार्थीहरुले **२०७४ चैत्र ३० गते** कार्यालय समयभित्र भर्ना भैसक्नुपर्नेछ ।

<u>वि.एस्सी.कृषि</u>

(क) भर्नाको लागि **२०७५ बैशाख १ गते** भित्र मेरिट, छात्रा, आदिबासी-जनजाती, मधेसी, थारु, दलित, अपाङ्ग, मुस्लिम, दुर्गम जिल्ला (अछाम, कालीकोट, जाजर्कोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु तथा हुम्ला) तथा अन्य (लोपोन्मुख, अल्पसंख्यक, सिमान्तकृत तथा आर्थिकरुपले बिपन्न खस आर्य) (स्टाफ र IDF कोटा बाहेक) कोटाहरुको प्रथम नामावली प्रकाशित गरिनेछ । प्रथम नामावलीमा परेका विद्यार्थीहरु **२०७५ बैशाख ५ गते** कार्यालय समयभित्र भर्ना भैंसक्नुपर्नेछ ।

(ख) स्थान खाली रहन आएमा **२०७५ बैशाख ६ गते** भित्र दोश्रो नामावली प्रकाशित गरिनेछ र दोश्रो नामावलीमा परेका विद्यार्थीहरु **२०७५ बैशाख ९ गते** कार्यालय समयभित्र भर्ना भैसक्नुपर्नेछ ।

(ग) स्थान खाली रहन आएमा **२०७५ बैशाख १० गते** तेश्रो (अन्तिम) नामावली प्रकाशित गरिनेछ । तेश्रो नामावलीमा परेका विद्यार्थीहरु **२०७५ बैशाख ११ गते** कार्यालय समयभित्र भर्ना भैसक्नुपर्नेछ ।

१५. भर्नाको आधारः प्रवेश परीक्षाको प्राप्ताङ्कलाई ८०%, प्रमाणपत्र तहको प्राप्ताङ्कको प्रतिशतलाई १०% र एस.एल.सी. को प्राप्ताङ्कको प्रतिशतलाई १०% अङ्कभार दिइनेछ । सोको आधारमा सबै कोटामा जम्मा संख्याको लागि योग्यताक्रम सूचि तयार गरी योग्यताक्रम अनुसार नै भर्नाको लागि नामावली प्रकाशित गरिनेछ । प्रवेश परीक्षाको उत्तिर्णाङ्क ५० (५०%) हुनेछ ।

१६. एउटा शैक्षिक कार्यक्रम (कृषि स्नातक वा पशु चिकित्सा स्नातक) भित्र कुनै पनि विद्यार्थीको नाम कुनै एक कोटामा निस्किएपछि पुनः अर्को कोटामा प्रकाशित गरिने छैन ।

१७.दुवै कार्यक्रम (कृषि वा पशु चिकित्सा स्नातक) मा विद्यार्थी भर्ना सम्बन्धी नामावली बढीमा ३ (तीन) पटक मात्र प्रकाशित गरिनेछ । तेश्रो (अन्तिम) नामावली अनुसार मेरीट तथा आरक्षीत विद्यार्थी भर्नाको अवधि समाप्त भएपछि पनि कुनै कोटा रिक्त रहन गएमा ति रिक्त कोटा स्वतह IDF कोटामा स्थानान्तरण हुनेछन् ।

१८.यस अध्ययन संस्थानबाट सञ्चालन गरिएको वि.एस्सी. कृषि/बागबानी को प्रवेश परीक्षामा उत्तिर्ण हुने सबै विद्यार्थीहरु गोकुलेश्वर कृषि तथा पशु विज्ञान कलेज, गोकुलेश्वर, बैतडी, क्याम्पस अफ लाइभ साइन्सेस, फूलबारी-१, तुलसीपुर, दाङ्ग तथा पृथु टेक्निकल कलेज लमही, देउखुरी, दाङ्गमा संचालनहुने वि.एस्सी.कृषि तथा महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाममा अध्यापन हुने बि.एस्सी.बागवानी कार्यक्रमका लागि भर्ना हुन योग्य ठहरिने छन् । ति विद्यार्थीहरुको लागि भर्ना सम्बन्धी कार्यक्रम सम्बन्धित क्याम्पसबाट नै प्रकाशित हुनेछ । सम्वन्धन प्राप्त क्याम्पसहरुले पनि विद्यार्थी मेरिटको आधारमा भर्ना गर्नुपर्नेछ ।

१९. यस शैक्षिक बर्षबाट कृषि/बागबानी स्नातकतहतर्फ आगिंक क्याम्पसहरुमा निजि (आनेक्स) तरिकाबाट चलाइएका शैक्षिक कार्यकमहरु तथा संबन्धन प्राप्त क्याम्पसहरुमा जम्मा निजि कोटाको/बाट ५% (पाँच प्रतिशत) स्थानीय कोटा छुट्याइएको छ । सो ५ प्रतिशत कोटा यस अध्ययन सँस्थानको आंगिक क्याम्पसहरुमा स्विकृत कोटामा थप हुनेछ, तर संबन्धनप्राप्त क्याम्पस/कलेजहरुमा स्विकृत कोटा भित्रैबाट लागुहुनेछ । जस अनुसार ५० कोटा Annex भएका आंगिक क्याम्पसहरुमा स्थानीय कोटा ३ थप गरी जम्मा निजी कोटा ५३ हुनेछन् । तर संबन्धन प्राप्त कलेजहरुमा ५० कोटा भएमा सो भित्रैबाट स्थानीय कोटाको रुपमा ३ सीट र ३० कोटा भएका क्याम्पसमा त्यही भित्रबाट २ सिट स्थानीय कोटाको रुपमा, डीन कार्यालयबाट भर्ना गर्नु अघि स्विकृतिलिइ भर्नागर्न सकिनेछ । स्विकृती नलीइ भर्ना लिएमा ति कोटा रद्द हुनेछन् ।स्थानीय कोटाको लागि स्थानीय क्षेत्र स्पष्टरुपमा छुट्याई त्यो क्षेत्र भित्रका, प्रबेश परीक्षा पास गरेका मध्यबाट मेरीटको आधारमा भर्ना लिनुपर्नेछ । ति थप कोटा बाहेक अन्य तरिकाबाट स्थानीय कोटाको रुपमा बिद्यार्थी भर्ना लिन पाइनेछैन ।

२०. संबन्धन प्राप्त क्याम्पस/कलेजहरुले आफ्ना सबै भर्ना पुरा भएको मिति बाट एक महिन भित्रमा आफ्ना सबै भर्नाको प्रकृया संबन्धि सुरुदेखि अन्त्य सम्मका सबै सूचना तथा बिद्यार्थीहरुको नामाबलि डीन कार्यालय, सानेपामा अनिबार्य रुपमा उपलब्ध गराउनुपर्नेछ ।

२१.प्रमाणपत्र तह स्तरका निम्न विषयहरु र प्रश्न संख्या १०० (एक सय) दुबै प्रवेश परीक्षाहरुको प्रश्नपत्रमा समावेश गरिनेछ । सबै प्रश्नपत्रहरु बहुछनौटिय वस्तुगत किसिम (Multiple Choice Objective Type) का हुनेछन् ।

(क) अंग्रेजी-१५ (ख) केमेष्ट्री-१५ (ग) फिजिक्स-१५ (घ) गणित- १५ (ङ) जुलोजी-१५ (च) बोटानी-१५ (छ) कृषि (कृषि स्नातक तहका लागि मात्र)-५ (ज) पशुचिकित्सा (पशु चिकित्सा स्नातक तहका लागि मात्र)-५ (झ) सामान्य ज्ञान (दुबै तहका लागि)-५.

२२.छात्रा, आदिबासी-जनजाती, मधेसी, थारु, दलित, अपाङ्ग, मुस्लिम, दुर्गम जिल्ला (नागरिकता अनुसार स्थायी बसोबासः अछाम, कालीकोट, जाजर्कोट, जुम्ला, डोल्पा, बझाङ्क, बाजुरा, मुगु तथा हुम्ला भएका तर स्थायी ठेगाना ति नौ जिल्ला बाहेक अन्य जिल्लामा स्थानान्तरण नगरेका) तथा अन्य (अल्पसंख्यक, सिमान्तकृत, पिछडा बर्ग, लैंगिक तथा यौनिक अल्पसंख्यक तथा आर्थिक रुपले बिपन्न खस आर्य) विद्यार्थीहरुको लागि केही आरक्षित सिट छुट्याइएको छ । छात्रा बाहेक अन्य आबेदकले उपरोक्त आरक्षीत कोटामा भर्ना हुन चाहेमा आवेदनसाथ, निम्नानुसार कोटाका लागि, निम्नानुसार निकायबाट प्राप्त प्रमाणपत्रको scanned copy/photo upload गर्नुपर्नेछ । यदि कुनै बिद्यार्थीले कृषि/बागबानी स्नातक तथा पशु चिकित्सा स्नातक दुबै कार्यक्रमहरुमा कुनै कोटा अन्तर्गत निबेदन दिन चाहेमा सो कोटाको प्रमाणपत्र दुबै निबेदनमा संलग्न गर्नुपर्नेछ । यदी कुनै निबेदनमा समाबेश नभएमा त्यस्मा कार्यबाही गरिने छैन । उक्त कोटाहरुमा पनि भर्ना योग्यताक्रमको आधारमा लिइनेछ ।

क.अपाङ्ग कोटा : नेपाल सरकार बाट मान्यता प्राप्त जिल्ला वा राष्ट्रिय अपाङ्ग महासंघ वा सम्वन्धित जिल्ला प्रशासन कार्यालय ।

ख.आदिबासी/जनजाति कोटाः आदिबासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालय ।

ग. दलित कोटा : राष्ट्रिय दलित आयोग वा सम्वन्धित जिल्ला प्रशासन कार्यालय ।

घ. दुर्गम जिल्लाः संबन्धित नगर पालिका वा गाउँ पालिका कार्यालय ।

ङ. मधेसी कोटाः सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय ।

च. मुस्लिम कोटाः सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय ।

छ. अन्य कोटाः संबन्धित गाउँ पालिका, नगर पालिका वा संबन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय

ज. स्टाफ कोटा : सम्बन्धित शिक्षक/कर्मचारी र आवेदकको नाता प्रमाणित हुने नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित क्याम्पसको सिफारिस पत्र ।

२३. वि.एस्सी. कृषिका लागि पक्लिहवा, लमजुङ्ग, रामपुर (खैरहनी) तथा गौरादह क्याम्पसहरु प्रत्यकमा ५० जना गरि जम्मा २०० जना र वि.भि.एस्सी.एण्ड.ए.एच., पक्लिहवाको लागि ४० जना विद्यार्थीहरु, निम्न मूलकोटा अनुसार, भर्ना लिइनेछ (तालिका १) । रामपुर क्याम्पस, खैरहनी, तथा/वा गौरादह कृषि क्याम्पस, झापामा कुनै अति आबश्यक श्रोतहरुको ब्यबस्थापन बिद्यार्थी भर्नाको अन्तिम दिनसम्ममा पनि हुन नसकेमा त्यस क्याम्पस्का बिद्यार्थीहरुलाई डीन कार्यालयले आबश्यक ब्यबस्थापन गर्नेछ ।

तालिका १: शै.व. २०७४।०७५ मा आंगिक क्याम्पसहरुमा मूल कोटा अन्तर्गत भर्ना लिइने जम्मा विद्यार्थी सख्या ।

| **Main Quota** | **BScAg** | **BVSc and AH** |
|---|---|---|
| Merit | 106 | 17 |
| Reserved | 40 | 8 |
| IDF | 54 | 15 |
| **Total** | **200** | **40** |

उक्त संख्यामा यस अध्ययन संस्थानसँग MOU भएका नेपाल सरकार, नेपाल कृषि अनुसन्धान परिषद् तथा अन्य संघ संस्थाबाट MOU बमोजिम आउने मनोनयीहरु र निम्नानूसारका स्टाफ कोटा समावेश गरिएका छैनन् । स्टाफ कोटाका लागि चारवटै क्याम्पस (पक्लिहवा, लमजुङ, गौरादह र रामपुर) तथा डीन कार्यालयमा कार्यरत शिक्षक/कर्मचारीहरुका आश्रित (श्रीमान, श्रीमती, छोरा तथा अबिबाहित छोरी) मध्येबाट नियमानुसार आवेदन दिएका र प्रवेश परीक्षा उत्तिर्ण गरेका सम्पूर्ण मध्येबाट योग्यताक्रम अनुसार निर्धारित कोटा बमोजिम भर्ना लिई रोजेको वा तोकेको क्याम्पसमा पठाइनेछ । स्टाफ कोटा रिक्त रहन गएमा त्यस्ता रिक्त कोटामा अन्य विद्यार्थी भर्ना लिइने छैन । बिभिन्न कोटा अनुसार बिभिन्न क्याम्पसहरुमा बिद्यार्थी संख्या निम्नानूसार रहनेछ (तालिका २) ।

तालिका २: शै.व. २०७४।०७५ मा बिभिन्न क्याम्पसमा विभिन्न कोटा अन्तर्गत भर्ना लिइने जम्मा विद्यार्थी सख्या ।

| कोटा विवरण | वि.एस्सी. कृषि | | | | | वि.भि.एस्सी.एण्ड ए.एच. |
|---|---|---|---|---|---|---|
| | लमजुङ्ग-५० | पक्लिहवा-५० | खैरहनी-५० | गौरादह-५० | जम्मा-२०० | पक्लिहवा क्याम्पस-४० |
| मेरिट | २६ | २६ | २६ | २६ | १०६[1] | १७ |
| छात्राः खुला | १ | १ | १ | १ | ६[1] | २ |
| दलीत | बिद्यार्थीको छनोट तथा बाँडफाँडको आधारमा क्याम्पस तोकिने | | | | १[1] | ० |
| मुस्लीम | बिद्यार्थीको छनोट तथा बाँडफाँडको आधारमा क्याम्पस तोकिने | | | | १[1] | ० |
| आदिबासी-जनजाती | १ | १ | १ | १ | ६[1] | १ |
| मधेसीः खुला | १ | १ | १ | १ | ४ देखि ५[2] | १ |
| दलीत | बिद्यार्थीको छनोट तथा बाँडफाँडको आधारमा क्याम्पस तोकिने | | | | १[1] | ० |
| थारु | १ | १ | १ | १ | ४ | १ |
| दलित | बिद्यार्थीको छनोट तथा बाँडफाँडको आधारमा क्याम्पस तोकिने | | | | ३ देखि ४[2] | १ |
| अपाङ्ग | बिद्यार्थीको छनोट तथा बाँडफाँडको आधारमा क्याम्पस तोकिने | | | | ३ देखि ४[2] | १ |
| मुश्लीम | बिद्यार्थीको छनोट तथा बाँडफाँडको आधारमा क्याम्पस तोकिने | | | | ३[1] | ० |
| दुर्गम जिल्ला | बिद्यार्थीको छनोट तथा बाँडफाँडको आधारमा क्याम्पस तोकिने | | | | ३[1] | ० |
| अन्य | बिद्यार्थीको छनोट तथा बाँडफाँडको आधारमा क्याम्पस तोकिने | | | | ३[1] | १ |
| अध्ययन संस्थान विकास शुल्क | १३ | १३ | १३ | १३ | ५४[1] | १५ |
| **जम्मा** | **४३** | **४३** | **४३** | **४३** | **२००** | **४०** |
| स्टाफ सहुलियत शुल्क | - | - | - | - | ४* | १* |
| स्टाफ अर्धशुल्क | - | - | - | - | १* | ० |
| स्टाफ पूर्णशुल्क | - | - | - | - | १* | १* |
| **जम्मा** | - | - | - | - | **६*** | **२*** |

[1]बाँकी बिद्यार्थी बिद्यार्थीको क्याम्पस छनोट तथा सबै क्याम्पसमा समान संख्या बाँडफाँडको आधारमा मेरीटक्रममा क्याम्पस तोकिने छ ।
[2]मेरीटको आधारमा उच्चतम अंक प्राप्तगर्ने कुनै दुई बिद्यार्थीले भर्ना पाउने छन् ।
*नियमित कोटाभित्र समावेश छैनन् । स्टाफ कोटामा निर्धारित संख्या भन्दा वढी प्रतिस्पर्धि भएको अबस्थामा यदी एक परिवारबाट एक भन्दा वढी आश्रीत आवेदक भएमा एक शैक्षिक कार्यक्रममा एक परिवारबाट एक जनालाई मात्र कोटा उपलब्ध गराईनेछ ।

२४. अध्ययन संस्थान विकास शुल्क (IDF) तथा स्टाफ कोटा अन्तर्गत भर्ना हुन चाहने विद्यार्थीहरुले तोकिएको अवधि र ढाँचामा नियमानुसार डीनको संपर्क कार्यालय, सानेपामा हरेक कार्यक्रमको लागि अलग-अलग आवेदन दिनुपर्नेछ । आबेदन फाराम रु. २००।- जम्मा गरेको बैंक भौचर बुझाई डीनको सम्पर्क कार्यालय, सानेपाबाट उपलब्ध हुनेछ । त्यस्ता आवेदकहरु मध्येबाट निर्धारित कोटाका लागि योग्यताक्रमको आधारमा भर्ना लिइने छ । निबेदन वि.भि.एस्सी.एण्ड ए.एच.को लागि २०७४ चैत्र २५ गतेबाट २०७५ बैशाख ११ गतेसम्म र वि.एस्सी.कृषि को लागि पनि २०७४ चैत्र २५ गतेबाट २०७५ बैशाख २१ गतेसम्म दिन सकिनेछ । भर्ना तालिका पछि प्रकाशित गरिनेछ ।

२५.IDF कोटा अन्तर्गत भर्ना हुनको लागि कृषि स्नातक तर्फ जम्मा रु. २,५०,०००।- (अक्षरेपी दुई लाख पचास हजार रुपैंया मात्र) र पशु चिकित्सा स्नातक तर्फ जम्मा रु.३,५०,०००।- (अक्षरेपी तीन लाख पचास हजार रुपैंया मात्र) लाग्नेछ । यो रकम किस्ताबन्दीमा पनि बुझाउन सकिनेछ । जसमध्ये प्रथम सेमेष्टरमा भर्ना हुँदा कृषि स्नातक तर्फ रु.१,५०,०००।- र पशु चिकित्सा स्नातक तर्फ रु.२,००,०००।- बुझाउनुपर्नेछ । कृषि स्नातक तर्फको बाँकी रकममध्ये तेश्रो सेमेष्टरमा भर्ना हुँदा रु. ५०,०००।- र पाचौँ सेमेष्टरमा भर्ना हुँदा रु.५०,०००।- बुझाउनु पर्नेछ । पशु चिकित्सा स्नातक तर्फको बाँकी रकममध्ये तेश्रो सेमेष्टरमा भर्ना हुँदा रु.७५,०००।- र पाचौँ सेमेष्टरमा भर्ना हुँदा रु. ७५,०००।- बुझाउनु पर्नेछ ।

२६. भर्ना हुन आउँदा SLC वा सोसरह तथा प्रमाणपत्रतह वा सोसरहका सबै शैक्षिक प्रमाणपत्रहरु, स्थानान्तरण प्रमाणपत्र (Migation certificate) तथा लब्धाङ्क पत्रहरु र आवेदन दिँदा upload गरिएका सबै प्रमाणपत्रहरुको सक्कल अनिबार्यरुपमा बिद्यार्थी आफैँले साथमा ल्याइ रुजु गराउनुपर्नेछ । Migration certificate अध्ययन सँस्थानमै राखी भर्ना भएको छ महिना पछि मात्र फिर्ता गरिनेछ । सबै विद्यार्थीको भर्ना कार्य पुरा भएपछि मात्र क्याम्पस तोकिने छ ।

२७. त्रिभुवन विश्वविद्यालय वाहेक अन्य शिक्षण संस्थाबाट प्रमाणपत्र तह हासिल गरेका विद्यार्थीहरुले त्रि.वि. नामदर्ता (T.U. Registration) गर्ने समयमा Migration Certificate को सक्कलै प्रति (यदी फीर्ता भएको भए) अनिवार्यरुपले बुझाउनुपर्नेछ । यदि उक्त समयमा सक्कल Migration Certificate नबुझाई त्रि.वि. नामदर्ता गर्न समस्या भएमा सोको जिम्मेवारी अध्ययन संस्थानले लिने छैन ।

२८. दुवै शैक्षिक कार्यक्रमहरु (कृषि स्नातक र पशु चिकित्सा स्नातक तह) को कक्षा सञ्चालन २०७५ जेठ महिना बाट संबन्धित क्याम्पसहरुबाट प्रकाशित सूचना अनुसार हुनेछ ।

२९. भर्ना तालिका तथा IDF र Staff quota का लागि निबेदन दिने अन्तिम दिन बिदा परेमा कार्यालय खुलेको पहिलो दिन कार्यालय समय भित्र भर्नाहुन तथा निबेदन दिन सकिनेछ ।

३०. छात्रावास नभएको वा क्षमता सिमित भएकोले सबै विद्यार्थीहरुलाई छात्रावास उपलव्ध गराउन क्याम्पस प्रशासन बाध्य हुनेछैन ।

३१. भर्नाहुन आउँदा सक्कल प्रमाणपत्रहरु निम्नकमानुसार राखी Check list कोसाथ बुझाउनुपर्ने छ ।

१. रकम जम्मा गरेको बैंक भौचर ।
२. नेपाली नागरिकताको प्रमाणपत्र ।
३. एस. एल. सी. को लब्धाङ्कपत्र ।
४. एस. एल. सी. को चारित्रिक/स्थानान्तरण/मूल प्रमाणपत्र ।
५. प्रमाणपत्र तहको लब्धाङ्कपत्र ।
६. प्रमाणपत्र तहको चारित्रिक/स्थानान्तरण (छ महिना पछि मात्र फिर्ता गरिने)/अस्थायी/मूल प्रमाणपत्र ।
७. प्रमाणपत्र तहको समकक्षता (Equivalence) को प्रमाण पत्र (नेपाल बाहिरबाट उक्ततह पुरा गर्नेहरुको लागि मात्र) ।
८. छात्रा बाहेक अन्य आरक्षीत कोटाका सिफारिस पत्रहरु ।

प्रा.डा. केशबराज अधिकारी
डीन

Tribhuvan University
Institute of Agriculture & Animal Science
Rampur, Chitwan, Nepal